ल्यू.का.का.: २०८२।८३ च.नं. : ६१

मिति: २०८३/०३/३० (14th July 2026)

श्रीमान् अध्यक्ष ज्यू,
**श्री नेपाल धितोपत्र बोर्ड,**
खुमलटार, ललितपुर ।

**विषयः संचालक समितिको प्रतिनिधित्वमा भएको परिवर्तन सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस कम्पनीको मिति २०८३/०३/२९ गते दिनको ५:१५ बजे द प्लाजा, पुल्चोकमा बसेको ३८९ औं संचालक समितिको पूर्ण बैठक आज मिती २०८३।०३।३० मा सम्पन्न भएकोमा पेश भएका प्रस्ताव एवं निर्णयहरू बमोजिम संचालक समितिको प्रतिनिधित्वमा तपसिल बमोजिमको परिवर्तन भएकोले सोको यसै पत्रमार्फत जानकारी पेश गर्दछौं ।

कम्पनीको नियमावलीको दफा २६(घ) बमोजिम आवश्यक गणपूरक संख्या (न्यूनतम ६ जना) पुगेको पुष्टि गरिन्छ – बैठकमा ९ जना सदस्य उपस्थित हुनुहुन्थ्यो ।

कम्पनीको संचालक समितिमा भएको परिवर्तन अध्यावधिक सहितको जानकारी गर्नुपर्ने यस धितोपत्र बोर्डको आधिकारिक Website हाल कार्य गरिरहेको छैन, अतः यो पत्र आधिकारिक Email ठेगाना listed.companies@sebon.gov.np मार्फत र कार्यालयमा दर्ता गरिएको जानकारी पेश गर्दछौं ।

**तपसिल**

**क. अध्यक्ष श्री अरुण कुमार चौधरीको राजीनामा स्वीकृति**

*(प्रस्ताव नं. ३८९.२.२.१; कम्पनी ऐन दफा ८८; नियमावली दफा २५(१))*

संचालक समितिका अध्यक्ष श्री अरुण कुमार चौधरी ज्यूले आफूले प्रतिनिधित्व गर्ने संस्था (ए.बि.बि. इन्भेष्टमेन्टस् प्रा.लि.) को नीतिअनुरूप सेवामा रहने अधिकतम उमेर ६० वर्ष रहेको र उक्त नीतिलाई सम्मान सहित संस्थागत सुशासन तथा उत्तरदायित्वको भावनालाई आत्मसात गर्दै, नयाँ पुस्तालाई नेतृत्वको अवसर प्रदान गर्नु संस्थाको दीर्घकालीन हितमा रहने आफ्नो विश्वास रहेकोले आफ्नै स्वेच्छा र आत्मनिर्णय सहित संचालक समितिको अध्यक्ष एवं प्रतिनिधित्व सदस्य पदबाट राजीनामा पेश गर्नु भएकोमा व्यापक छलफल पश्चात सम्पूर्ण सदस्यहरूबाट निजको राजीनामा स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

**ख. संचालक श्रीमती सिला चौधरीको राजीनामा स्वीकृति**

*(प्रस्ताव नं. ३८९.२.२.१; कम्पनी ऐन दफा ८८; नियमावली दफा २५(१))*

संचालक समितिका सदस्य श्रीमती सिला चौधरी ज्यूले पनि उक्तै कारण (उमेर ६० वर्ष) ले आफ्नै स्वेच्छा र आत्मनिर्णय सहित संचालक समितिको प्रतिनिधित्व सदस्य पदबाट राजीनामा पेश गर्नु भएकोमा व्यापक छलफल पश्चात निजको राजीनामा स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

**ग. महाप्रबन्धक एवम् कम्पनी सचिवको राजीनामा स्वीकृति**

*(प्रस्ताव नं. ३८९.२.२.१; कम्पनी ऐन दफा ८८; नियमावली दफा २५(१))*

*(प्रस्ताव नं. ३८९.२.२.१.क,ख, कम्पनी ऐन दफा १३५ ; नियमावली दफा २७(ठ)*

कम्पनीका महाप्रबन्धक एवंम कम्पनी सचिव श्री गंगा राज भट्टराईले कार्यकारी सञ्चालकको रूपमा प्रस्तावित

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोनः +९७७-१-५३५१०६१/६२, ५९०१०६३,
फ्याक्सः +९७७-१-५५४६२२३ पो.ब.नं.:१९१६, कारखानाः अमलेखगंज, बारा, फोनः +९७७-५३-५७०१०४
ई-मेलः nlol@nepallubeoil.com, वेबसाइटः www.nepallubeoil.com

CamScanner

नियुक्तिको परिप्रेक्ष्यमा -अ) कम्पनी सचिवको पदबाट र (आ) महाप्रबन्धकको पदबाट राजीनामा पेश गर्नु भएकोमा सो उपर छलफल भई सर्वसम्मत रूपमा राजीनामा स्वीकृत गर्ने निर्णय भयो ।

**घ. नवनियुक्त संचालकहरू र कार्यकारी सञ्चालकको नियुक्ति**

*(प्रस्ताव नं. ३८९.२.२.२ र ३८९.२.२.२.क,ख, कम्पनी ऐन दफा ८६-८७, ९१, ९५(३), ९६; नियमावली दफा २५(१), २७(ट), २८)*

संचालक समितिमा ए.बि.बि इन्भेष्टमेन्टस् प्रा.लि. को तर्फबाट प्रतिनिधित्व गर्ने २ सदस्यको पद रिक्त रहेकोमा सो संस्थाबाट नियमावलीको दफा २५(१)(अ) अन्तर्गतको मनोनयन अधिकार प्रयोग गर्दै श्रीमती बिधात्री चौधरी र श्री गंगा राज भट्टराईलाई मनोनीत गरी पठाएकोले निजहरूलाई संचालक समितिको सदस्य पदमा सर्वसम्मत रूपमा नियुक्त गरिएको निर्णय भयो ।

साथै, श्री गंगा राज भट्टराईले विगत लामो समयदेखि कम्पनीको व्यवस्थापनको सफलता पूर्वक नेतृत्व गर्नु भएको कार्यलाई मध्यनजर गर्दै निजलाई कम्पनी ऐन, २०६३ को दफा ९५(३) बमोजिम संचालक समितिको अधिकार प्रत्यायोजन मार्फत संस्थाको कार्यकारी सञ्चालक (Executive Director) को भूमिकामा प्रदान गर्ने एवं निज सँग करारनामा एवं पारिश्रमिक र सेवा सुविधा निर्धारण गर्न अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत श्री करण कुमार चौधरीलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत रूपमा निर्णय भयो ।

*नोटः हाल नियमावलीको दफा २७(ट) मा प्रबन्ध संचालकको मात्र व्यवस्था छ, कार्यकारी सञ्चालकको पद दफा ९५(३) अन्तर्गत संचालक समितिको अधिकार प्रत्यायोजनबाट सिर्जना गरिएको हो । यस सम्बन्धमा नियमावली संशोधनको अनुमोदनको निमित्त आगामी वार्षिक साधारण सभामा पेश गरिनेछ ।*

**ङ. अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृतको नियुक्ति**

*(प्रस्ताव नं. ३८९.२.२.२.क, कम्पनी ऐन दफा ८९, ९६, ९५(३); नियमावली दफा २६(क), २७(ट))*

संचालक समितिको अध्यक्ष पदको निमित्त संचालक श्री विजय बहादुर श्रेष्ठले आजको वर्तमान अवस्थामा युवा पुस्ता र युवा शक्तिलाई प्रोत्साहन जरुरी रहेको र यस कम्पनीमा विगत १५ वर्षदेखि संचालक, कार्यकारी संचालक र हाल प्रबन्ध संचालक एवं प्रमुख कार्यकारी अधिकृतको रूपमा आफ्नो जिम्मेवारी सफलतापूर्वक निर्वाह गरी सबै समक्ष आफू योग्य रहेको प्रमाणित गरिसक्नु भएका श्री करण कुमार चौधरी ज्यूलाई अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत पदको निमित्त प्रस्ताव गर्नु भएकोमा सञ्चालक श्री निरञ्जन न्यौपानेको समर्थन सहित सम्पूर्ण सदस्यहरूले सर्वसम्मत रूपमा समर्थन सहित स्वीकृती जनाउँदै श्री करण कुमार चौधरी ज्यूलाई आजको मिति देखि अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृतको पदमा सर्वसम्मत रूपमा नियुक्त गर्ने निर्णय भयो ।

*कानूनी स्पष्टीकरण; अध्यक्ष पद नियमावलीको दफा २६(क) बमोजिम ए.बि.बि. इन्भेष्टमेन्ट प्रा.लि. बाट मनोनीत; प्रबन्ध संचालक र प्रमुख कार्यकारी अधिकृत पद कम्पनी ऐन दफा ९६ बमोजिम; दुवै पद एकै व्यक्तिमा संयुक्त गर्ने अधिकार दफा ९५(३) बमोजिम ।*

**च. कम्पनी सचिवको नियुक्ति**

*(प्रस्ताव नं. ३८९.२.२.२.ग, कम्पनी ऐन दफा १३५ ; नियमावली दफा २७(ठ))*

संचालक समितिको कम्पनी सचिवमा कम्पनीका सहायक महाप्रबन्धक श्री सुवास आचार्यलाई नियुक्ति गर्ने सर्वसम्मत रूपमा निर्णय भयो । निज श्री सुवास आचार्य कम्पनी ऐन, २०६३ को दफा १३५ अन्तर्गत निर्धारित योग्यता आवश्यकता पूरा गर्नुहुन्छ ।

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोन: +९७७-१-५३५१०६१/६२, ५५०१०६३,
फ्याक्स: +९७७-१-५५४६२२३ पो.ब.नं.:१९१६, कारखाना: अमलेखगंज, बारा, फोन: +९७७-५३-५७०१०४
ई-मेल: nlol@nepallubeoil.com, वेबसाइट: www.nepallubeoil.com

CamScanner

साथै निज श्री सुवास आचार्यलाई कम्पनीको नियामक संस्थाहरू श्री नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सि.डि.एस. क्लियरिङ लि., कम्पनी रजिस्ट्रार कार्यालय एवं NIMB Ace Capital लि. तथा आवश्यक अन्य कार्यालयहरुमा मा कम्पनी सचिवको हैसियतले स्वयं उपस्थित भई वा कसैबाट सबै किसिमका कार्य गर्न गराउन, निवेदन पेश गर्न गराउन, इत्यादिको निमित्त पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मत रूपमा निर्णय भयो ।

**छ. मानार्थ अध्यक्ष (Chairman Emeritus) पद स्वीकार गर्न अनुरोध**

*(प्रस्ताव नं.३८९.२.२.१.क; कम्पनी ऐन दफा ९५(३); नियमावली दफा २७)*

कम्पनीसँगको लामो अनुभव एवं मार्गनिर्देशनको आवश्यकता महसूस गर्दै निवर्तमान अध्यक्ष श्री अरुण कुमार चौधरी ज्यूलाई यस नेपाल ल्यूब आयल लि. को संचालक समितिमा मानार्थ अध्यक्ष (Chairman Emeritus) पद स्वीकार गर्न अनुरोध गर्ने सर्वसम्मत रूपमा निर्णय भयो ।

**स्पष्टीकरण;** मानार्थ अध्यक्ष एक गैर-कार्यकारी, गैर-वैधानिक, गैर-मतदान र पारिश्रमिक एंवम सुविधा विहिन सल्लाहकार पद हो । निजले कम्पनीलाई कुनै पनि रूपमा बाध्य गर्ने अधिकार राख्ने छैनन र कम्पनी ऐन, २०६३ को परिभाषा अनुसार कम्पनीको संचालक हुनुहुन्न । यो पद कम्पनी ऐन, २०६३ को दफा ९५(३) अन्तर्गत संचालक समितिको अधिकार प्रत्यायोजन मार्फत सिर्जना गरिएको हो ।

यस सम्बन्धमा निजको कार्यकालको निमित्त धन्यवाद सहितको मानार्थ अध्यक्ष (Chairman Emeritus) पद स्वीकार गरिदिनुहुन भन्ने अनुरोध निजलाई प्रेषित गर्न अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत श्री करण कुमार चौधरीलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत रूपमा निर्णय भयो । साथै यस पद सम्बन्धी व्यवस्था आगामी वार्षिक साधारण सभाबाट अनुमोदन गर्न समेत सर्वसम्मत रूपमा निर्णय भयो ।

**जा पुनर्गठित संचालक समिति**

*(कम्पनी ऐन दफा ८६; नियमावली दफा २५(१) – सर्वसम्मत प्रस्तावहरू अनुसार)*

माथिका सम्पूर्ण प्रस्तावहरू स्वीकृत भए अनुसार कम्पनीको हालको संचालक समितिको स्वरूप निम्नानुसार रहेको व्यहोरा प्रस्तुत भयो ;

**मानार्थ पद (गैर-कार्यकारी, गैर-मतदान, सल्लाहकार) मात्र**

श्री अरुण कुमार चौधरी – मानार्थ अध्यक्ष (Chairman Emeritus)

**संचालक समिति:**

१। श्री करण कुमार चौधरी – अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत (ए.बि.बि. इन्भेष्टमेन्ट प्रा.लि. को तर्फबाट)
२। श्री विजय बहादुर श्रेष्ठ – संचालक (ए.बि.बि. इन्भेष्टमेन्ट प्रा.लि. को तर्फबाट)
३। श्री नविनोद पोखरेल – संचालक ९नेपाल आयुल निगम लि। को तर्फबाट०
४। श्री ध्रुव प्रसाद अर्याल – संचालक (राष्ट्रिय बाणिज्य बैंक लि. को तर्फबाट, विभिन्न सा.सं. को वार्षिक रोलक्रम बमोजिम)
५। श्रीमती विधात्री चौधरी – संचालक (ए.बि.बि. इन्भेष्टमेन्ट प्रा.लि. को तर्फबाट)
६। श्री निरञ्जन न्यौपाने – संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित)
७ श्री अनिल बस्नेत – संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित)
८। श्री गंगा राज भट्टराई – कार्यकारी सञ्चालक (ए.बि.बि. इन्भेष्टमेन्ट प्रा.लि. को तर्फबाट)

**कम्पनी सचिव:**

९। श्री सुवास आचार्य – कम्पनी सचिव

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोन: +९७७-१-५३५१०६१/६२, ५९०१०६३,
फ्याक्स: +९७७-१-५५४६२२३ पो.ब.नं.:१९१६, कारखाना: अमलेखगंज, बारा, फोन: +९७७-५३-५७०१०४
ई-मेल: nlol@nepallubeoil.com, वेबसाइट: www.nepallubeoil.com

CamScanner

NEPAL LUBE OIL LIMITED

उपरोक्त ब्यहोरा आजको संचालक समितिको बैठक बमोजिम सही रहेकोले यस स्वरूप आधिकारिक रहेको र आवश्यक विभिन्न निकायहरूमा सोही बमोजिम जानकारीहरू प्रदान गर्ने, एवं आगामी वार्षिक साधारण सभामा अनुमोदनको निमित्त प्रस्ताव पेश गर्ने सर्वसम्मत रूपमा निर्णय भयो ।

विभिन्न निकायहरूबाट यस संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक ज्यूहरूको संस्थाहरूबाट भिन्न व्यक्ति मनोनीत भएको खण्डमा र आगामी वर्षमा रोलक्रममा रहेको संस्थाहरूको प्रतिनिधित्व परिवर्तन भए बमोजिमनै आवश्यक निकायहरूमा जानकारी पेश गर्ने एवं आगामी वार्षिक साधारण सभामा अनुमोदनको निमित्त प्रस्ताव पेश गर्ने सर्वसम्मत रूपमा निर्णय भयो ।

भवदीय,

सुवास आचार्य
कम्पनी सचिव

कम्पनी सचिव
नेपाल ल्यूब आयल लि.

**बोधार्थ:**

१। श्री नेपाल स्टक एक्सचेन्ज लि., काठमाडौं
२। श्री सि.डि.एस.एण्ड क्लियरिङ लि., पुतलीसडक
३। श्री कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर
४। श्री NIMB ACE Capital लि., काठमाडौं

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोन: +९७७-१-५३५१०६१/६२, ५९०१०६३,
फ्याक्स: +९७७-१-५५४६२२३ पो.ब.नं.:१९१६, कारखाना: अमलेखगंज, बारा, फोन: +९७७-५३-५७०१०४
ई-मेल: nlol@nepallubeoil.com, वेबसाइट: www.nepallubeoil.com

CamScanner